**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २४ जून २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. 18औँ लोकसभाको पहिलो सत्र आज नव निर्वाचित सांसदहरूको शपथ ग्रहणका साथ शुरू भयो। प्रधानमन्त्री नरेन्द्र मोदीले सबैभन्दा पहिले सदनको सदस्यको रूपमा शपथ लिनु भयो।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भएको छ- उँहाको सरकार सबैलाई साथ लिएर अघाड़ी बढ्नेछ तथा देशको सेवा गर्ने र मानिसहरूको आकांक्षालाई पूरा गर्नका लागि निरन्तर प्रयास गर्नेछ।

३. जमिनको कागजपत्र हातमा आइसकेको र अब यसको आधारमा अतिक्रमण भएको जमिनबाट घर बिल्डिङ हटाइने मिरिक नगरपालिका अध्यक्ष एल बी राईको भनाई

४. खरसाङ खण्ड अन्तर्गत घैयाबारी ग्राम पञ्चायत एक अधिनस्त अप्पर सिरुबारीका चारवटा समाजका मानिसहरूले हर घर जल योजनाको कार्यमा समाजले देखाएको पानीको स्रोत अनुसार काम नभएको गुनासो गरेका छन्।

५. आईसीसी T- 20 विश्वकप क्रिकेट अन्तर्गत सुपर-8 मुकाबिलामा आज भारत र अष्ट्रेलिया भिड्नेछन्। यो म्याच भारतीय समय अनुसार राति 8 बजेदेखि खेलिनेछ।

*******

**लोकसभा-शपथ**

18औं लोकसभाको पहिलो सत्र आज नवनिर्वाचित सांसदहरूले सदनको सदस्यको रूपमा शपथ ग्रहणका साथ शुरू भएको छ। लोकसभाका नेता प्रधानमंत्री नरेंद्र मोदी सदनको सदस्यको रूपमा शपथ लिने प्रथम सदस्य थिए। प्रोटेम स्पीकर भर्तृहरि महताबले श्री मोदीलाई शपथ दिलाउनु भयो।

त्यस पछि लोकसभा अध्यक्षको चुनाव सम्म सदनको कार्यवाही चलाउनमा श्री महताबको सहायताका लागि नियुक्त अध्यक्षका पैनललाई शपथ दिलाईयो। भाजपा सांसद राधा मोहन सिंह र फग्गन सिंह कुलस्तेले चेयरपर्सन पैनलको सदस्यको रूपमा शपथ लिए। तर कांग्रेस सांसद के. सुरेश, डीएमके सांसद टी. आर. बालू र टीएमसी सांसद सुदीप बंद्योपाध्यायले पैनलको सदस्यको रूपमा शपथ लिएनन्। तयस पछि केंद्रीय मंत्री अमित शाहले राज नाथ सिंह लगायत अन्स मंत्रीमण्डलका सदस्यहरुले शपथ ग्रहण गरे।

केंद्रीय मंत्री एच. डी. कुमारस्वामी र प्रह्लाद जोशीले कन्नड़ भाषामा शपथ लिए। धर्मेद्र प्रधान र जुएल ओरामले उड़िया भाषामा शपथ लिए। एक अन्य केंद्रीय मंत्री सर्बानंद सोनोवालले असमिया भाषामा र के. राम मोहन नायडूले तेलुगु भाषामा शपथ लिनु भयो ।

केन्द्रीय मंत्री सी. आर. पाटिलले गुजराती भाषामा शपथ लिए भने, प्रताप राव जाधवले मराठी र डॉ. जितेन्द्र सिंहले डोगरी भाषामा शपथ लिए। केन्द्रीय मंत्री सुरेश गोपीले मलयालम र सुकांता मजमूदारले बंगाली भाषामा शपथ लिए। केन्द्रीय मंत्री दुर्गा दास उइकेले संस्कृत भाषामा शपथ लिनु भयो ।

*******

**प्रधानमन्त्री-संसद सत्र**

प्रधानमन्त्री नरेन्द्र मोदीले 18औं. लोकसभाको सत्र विकसित भारत निर्माण गर्ने संकल्प लिएर सुरु भएको भन्नुभएको छ। श्री मोदीले, उँहाको सरकारले, देशको सेवा र जनताको आकांक्षा पूरा गर्न निरन्तर प्रयास गर्ने बताउनु भयो। सत्र अघि संसद बाहिर मिडियालाई जानकारी गराउनु हुँदै श्री मोदीले सरकार चलाउन बहुमत चाहिन्छ तर देश चलाउनको लागि सहमति धेरै आवश्यक रहेको बताउनु भयो। उँहाले सरकारले संविधानको पवित्रता कायम राखेर सबैलाई साथमा लिएर त्वरित निर्णय लिन चाहन्छ भन्नुभयो। प्रधानमन्त्रीले स्वतन्त्रतापछि पहिलो पटक नयाँ संसद भवनमा लोकसभा सांसदहरुको सपथ ग्रहण समारोह हुन लागेको बताउनु भयो। श्री मोदीले विश्वको सबैभन्दा ठूलो मतदान प्रक्रिया भव्य र शानदार ढंगले सम्पन्न भएको बताउनु भयो। उँहाले थप भन्नु भयो स्वतन्त्रता प्राप्ति पछि दोस्रो पटक देशका जनताले उंहाको सरकारलाई लगातार तेस्रो पटक सेवा गर्ने अवसर दिएको बताउनु भयो।

*******

**जयशंकर-पासपोर्ट**

विदेशमन्त्री एस जयशंकरले १२ औं पासपोर्ट सेवा दिवसको अवसरमा सबै भारतीय तथा अन्तर्राष्ट्रिय पासपोर्ट अधिकारीहरूलाई शुभकामना दिनु भएको छ ।श्री जयशंकरले सामाजिक सञ्जाल मार्फत , 'भारतको नागरिक केन्द्रित विदेश नीति कार्यक्रमलाई उन्नत गर्न उनीहरुको योगदानको सराहना गर्नु भएको छ । उहाले पासपोर्ट सम्बन्धी सेवामा भारतको बहुआयामिक विकासको पनि प्रशंसा गर्नु भएको छ। श्री जयशंकरले भन्नु भयो , 'विदेश मन्त्रालयले पास पोर्ट सेवालाई समयानुकूल, प्रामाणिक, निष्पक्ष र नागरिकमैत्री सेवा प्रदान गर्ने आफ्नो प्रतिबद्धता दर्शाउँदछ ।उंहाको मन्त्रालयले वर्ष 2023 मा लगभग एक करोड 65 लाख पास पोर्ट सम्बन्धी सेवामा काम गरेको बताउनु भएको छ ।उहाले गत वर्ष पास पोर्ट तथा अन्य सेवामा लगभग 15 प्रतिशतले वार्षिक वृद्धि भएकोमा प्रशंसा गर्नु भएको छ ।

****** ० ******

मिरिक नगरपालिका

मिरिक नगरपालिका अध्यक्ष एल बी राइले आज पत्रकारहरूसँग कुराकानी गर्दै जमिनको कागजपत्र हातमा आइसकेको छ, अब यसको आधारमा अतिक्रमण भएको जमिनबाट घर बिल्डिङ हटाइने छ भनी बताएका छन्। मिरिक नगरपालिकाले गत केहीदिन अघि बुल्डोजर चलाएर अवैध रुपमा रहेका दोकान तथा घरहरू तोडेको थियो। जसमा सा-सानो पसल अनि ग्यारिजहरूमा मात्र बुल्डोजर चलायो भन्ने विषयमा बोल्दै उनले आज मात्र सरकारी जमिन र निजी जमिनको कागजपत्र हात परेको र यसलाई लिएर नगरपालिकाका कर्मचारीहरूले कार्य गरिरहेको बताए। कागज पत्र अनुसार कुन सरकारी जमिन हो र कुन निजी जमिन हो छुट्याइने अनि सरकारी जमिनमा सानो घरदेखि ठूल्ठूला भवनहरू निर्माण गरिएको भेटाइए सबैलाई कार्वाही गरिने उनले बताए। साथै हिजो मात्र सरकारी जमिनमा भएको अतिक्रमणलाई हटाइने मुख्यमन्त्री ममता ब्यानर्जीले दिनुभएको बयानलाई स्वागत योग्य रहेको श्री राईले बताएका छन्।

*******

**सिक्किम मुख्यमन्त्री**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले आज बिहान नयाँ दिल्लीस्थित सिक्किम हाउसमा सिक्किमका विद्यार्थीहरूसँग भेट गर्नु भएको छ। विद्यार्थीहरूको अगुवाई सिक्किम विद्यार्थी संघ, दिल्लीका अध्यक्ष सोनाम वाङचुक लाचेन्पा र अखिल भारतीय सिक्किम विद्यार्थीहरूका समन्वयक रिग्याल तामाङले गरेका थिए। चर्चाको क्रममा मुख्यमन्त्रीले विद्यार्थीहरूलाई उनीहरूका सबै प्रयासहरूमा सरकारको तर्फबाट निरन्तर समर्थनको आश्वासन दिनु भएको छ। उहाँले विद्यार्थीहरूको विशिष्ट आवश्यकताहरूलाई सम्बोधित गर्न तथा समयमा र प्रभावकारी सहायता सुनिश्चित गर्न मुख्यमन्त्री कार्यालयमा एउटा समर्पित प्रकोष्ठ गठन गर्ने जानकारी दिनु भएको छ। मुख्यमन्त्रीले विद्यार्थीहरूलाई शुभकामना दिँदै कडा परिश्रम गर्न र सफलताको लागि प्रयास गर्न प्रोत्साहित गर्नु भएको छ ।

********

**घैयाबारी ग्राम पञ्चायत**

खरसाङ खण्ड अन्तर्गत घैयाबारी ग्राम पञ्चायत एक अधिनस्त अप्पर सिरुबारीमा रहेको चारवटा समाजका मानिसहरूले जल जीवन मिशन अन्तर्गत हर घर जल योजनाको कार्यमा समाजले देखाएको पानीको स्रोत अनुसार काम नभएको गुनासो गरेका छन्। यस विषयमा हिजो अप्पर सिरुबारीको चारवटा समाजका प्रतिनिधिहरूलाई लिएर सभा बसेर अप्पर सिरुबारीको लागि हर घर जल योजनाको काम गरिरहेका कम्पनीको प्रतिनिधिहरूलाई जानकारी गराएपछि कम्पनीले आज खरसाङको गिध्द पहाड़स्थित एक घरमा अस्थायी रूपमा बनाएको कार्यालयमा दिउँसो 1 बजे कुराकानी गर्नलाई बोलाएको थियो। तर अप्पर सिरूबारीको चारैवटा समाजका प्रतिनिधिहरू आएर उपस्थित भए तापनि कम्पनीको पक्षमा कोही पनि उपस्थित भएनन्। पञ्चायत चुनाव अघि नै यस क्षेत्रको लागि भनेर खरसाङको गौरी शंकर चियाबारीमा जीटीए प्रमुख अनित थापाको बाहुलीबाट जल जीवन मिशन अन्तर्गत हर घर जल परियोजनाको शिलान्यास गरिएको तर अहिलेसम्म पानी नपाएको साथै चारैवटा समाजका मानिसहरूले अहिले पानी किनेर खानु पर्ने अवस्था रहेको बताएका छन्।

************

**सिक्किम राज्य-जिल्लापाल**

सिक्किम राज्यको पाकिम जिल्लाका जिल्लापालको रूपमा आज अगवाने रोहन रमेश, आईएएस- ले आफ्नो कार्यभार सम्हालेका छन्। यस अघि उहाँ गान्तोक जिल्लाका अतिरिक्त जिल्लापालको रूपमा कार्यरत हुनुहुन्थ्यो भने अब पाकिम जिल्लाको जिल्लापालको रूपमा स्थानान्तरित हुनुभएको छ। यस अघि पाकिम जिल्लापाल कार्यालयमा नवनियुक्त जिल्लापाल र पाकिम जिल्लाका निवर्तमान जिल्लापाल टाशी छोपेलबीच कार्यभार हस्तान्तरण र अधिग्रहण प्रक्रिया सम्पन्न गरिएको थियो। टाशी छोपेलले 2021 मा पाकिम जिल्ला गठन भएपछि प्रथम जिल्लापालको रूपमा सेवा पुऱ्याए भने हाल उनको शिक्षा विभागमा सचिवको रूपमा स्थानान्तरण भएको छ। हस्तान्तरण र अधिग्रहण समारोहमा जिल्ला प्रशासनका वरिष्ठ अधिकारीहरू उपस्थित थिए। सबैले निवर्तमान जिल्लापाल छोपेललाई उनको समर्पित सेवाको निम्ति कृतज्ञता व्यक्त गर्दै नवनियुक्त जिल्लापाललाई स्वागत जनाएका छन्।

***********

रूख ढलेर दुइवटा घरलाई क्षति

सेन्ट जोसेफ्स कलेजको ठीक माथिल्लातर्फ दार्जीलिङ जू परिसरको एउटा ठूलो रूख ढलेर दुइवटा घरलाई क्षति पुऱ्याएको छ। जसको कारण क्षेत्रमा त्राशदीको  माहौल छाएको छ। किनभने, जू परिसर नजिक रहेको वेस्ट जवाहर रोड किनारमा कैयौं घरहरू छन् अनि जू परिसरमा यस्ता धेरैवटा पुराना वा ठूला रूखहरू छन्। यसैकारण स्थानीय मानिसहरूले असुरक्षाको अनुभव गरिरहेका छन्। यस सम्बन्धमा जू प्रशासनसित सम्पर्क गर्न खोज्दा कसैसित पनि सम्पर्क हुन सकेन।

********

**छामगन केन्टिङ ताई सितु रिम्पोछे**

परमपावन 12औँ छामगन केन्टिङ ताई सितु रिम्पोछेलाई प्रतिनिधित्व गर्दै एक विशिष्ट प्रतिनिधिमण्डलले आज बिहान नयाँ दिल्लीस्थित सिक्किम हाउसमा मुख्यमन्त्री प्रेमसिंह तामाङसँग भेट गरेका छन्। प्रतिनिधिमण्डलमा परमपावनका व्यक्तिगत सचिव लामा तेनाम, शेराबलिङ / ताई सितु रिम्पोछे गुम्पाका महासचिव लामा छेवाङ र

लामा पेन्टो सामेल थिए।
यस भेट अवधि प्रतिनिधिमण्डलले परमपावन रिम्पोछेको तर्फबाट मुख्यमन्त्रीलाई बधाई एवं आशीर्वाद दिएका छन्। मुख्यमन्त्रीले कृतज्ञता व्यक्त गर्दै सम्मानित प्रतिनिधिहरूको स्वागत गर्नु र परमपावनका तर्फबाट दयालु शब्दहरू र आशीर्वादहरू सुन्न पाउनु सम्मानको कुरा रहेको बताउनु भएको छ।

**********

# खरसाङ खण्ड

खरसाङ खण्ड पञ्चायत समितिको तर्फबाट विभिन्न क्षेत्रका कृषकहरूलाई पोलि हाउस वितरण गरिएको छ। खरसाङ पञ्चायत समितिका सभापति अनु प्रधान र खरसाङ खण्ड विकास अधिकारी कौशिक चक्रवर्तीको बाहुलीबाट खरसाङ खण्ड अन्तर्गत पर्ने सिटोङ, मामरिङ, चिमनी देवराली र बागौरा क्षेत्रका जम्मा 21 जनालाई आज खरसाङ खण्ड विकास कार्यालय परिसरमा पोलि हाउस वितरण गरिएको छ। उक्त पोलि हाउसको लागि जसले द्वारे सरकारको क्याम्पमा निवेदन चढ़ाएका थिए उनीहरूलाई आज वितरण गरिएको जानकारी प्राप्त भएको छ। यस विषयमा पत्रकारहरूसित कुराकानी गर्दै खरसाङ पञ्चायत समितिका कर्माध्यक्ष दिनेश तामाङले यसलगायत अन्य सहुलियतहरू पनि खरसाङ पञ्चायत समितिको तर्फबाट वितरण गरिने जानकारी गराएका छन् ।

*********

**पन्थाबारी अगमसिहं प्राथमिक पाठशाला**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको अन्तिम गाउँ तराईको पन्थाबारीमा रहेको पन्थाबारी अगमसिहं प्राथमिक पाठशालामा मिरिक कृष्णनगरका समाजसेवी, साहित्यकार बिजय बन्तवाले आफ्नो धर्मपत्नी स्वर्गीय शशीप्रभा राईको स्मृतिमा पाठशालामा पंखा जडान साथै नानीहरूलाई शारीरिक अनि मनसिक रूपमा चुस्त गराँउने उदेश्यले पीङ्गलगायत अन्य खेलकूदका सामाग्रीहरू प्रदान गर्नु भएको छ। यस अवसरमा पाठशालाका प्रधान अध्यापक त्रिभुवन राईलगायत अन्य शिक्षक-शिक्षिकाहरू अनि पाठशाला संचालन समितिका प्रतिनिधिहरू उपस्थित थिए। यस अवसरमा बोल्दै समाजसेवी एंव साहित्यकार बिजय बान्तवा कैलासीले आजका नानीहरू नै भविष्यका असल समाजका निर्माताहरू रहेको अनि उनीहरूलाई पठन पाठन सँगै शारीरिक अनि मानसिकरूपमा बिकसित गर्न उक्त आवश्यक सामाग्रीहरू प्रदान गरिएको बताउनु भएको छ।

*********

कोलकाता मेट्रो रेल

कोलकाता मेट्रो रेलमा प्रायोगिक तहमा शुरू गरिएको रात्रिकालीन सेवाको समय परिवर्तन गरिएको छ। एक महीनाको ट्रायल पछि आज रातदेखि रात्रिकालीन मेट्रो सेवाको नयाँ समय तालिका लागू गरिनेछ। कोलकाता मेट्रो रेल अथोरिटीले पछिल्लो 24 मई देखि प्रायोगिक तहमा यस सेवा शुरू गरेको थियो। जानकारी अनुसार, अहिलेसम्म मेट्रोको अन्तिम रेल प्रायोगिक तहमा रातीको 11 बजी चलीरहेको थियो। आज देखि यस रेल 20 मिनट अगावै रवाना हुनेछ। यस स्थितिमा अन्तिम ट्रिप दमदम अनि कवि सुभाष देखि राती 10:40 बजे रवाना हुनेछ। यस सेवा सप्ताहमा पाँच दिन, सोमवार देखि शुक्रवार सम्म उपलब्ध रहनेछ।

******

**टी-20 विश्व कप**

टी-20 क्रिकेट विश्व कपमा सुपर 8 मुकाबिलामा भारतको भिड़न्त आज ऑस्ट्रेलिया सित हुनेछ। यो म्याच भारतीय समयानुसार राती 8 बजे देखि सेंट लूसियामा खेलिने छ।

यस भन्दा अघि आज बिहान एंटीगुआमा वर्षाले प्रभावित एक अन्य सुपर 8 मुकाबिलामा दक्षिण अफ्रीकाले वेस्टइंडीजलाई तीन विकेटले हराएर सेमीफाइनलमा प्रवेश गरेको छ।

पहिला बल्लेबाजी गर्दै वेस्टइंडीज 20 ओभरमा 8 विकेट गुमाएर एक सय 35 रन बनायो। जवाफमा दक्षिण अफ्रीकाले एक सौ 23 रनको संशोधित लक्ष्य पांच बल छन्दा नै हासिल गरि म्याच जित्यो।

*************